# हरिवन नगरपालिकाद्धारा प्रकाशित

# स्थानिय राजपत्र

हरिवन राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८२/१२/१५

**भाग-१**

**हरिवन नगरपालिका**

# नगर शिक्षा ऐन, २०८२

## हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## हरिवन सर्लाही

नगर सभाबाट स्विकृत मितिः २०८२।१२।१५

रमेश बुढाथोकी
नगर प्रमुख

# हरिवन नगरपालिका शिक्षा ऐन, २०८२

**प्रस्तावना :** राष्ट्रिय विकासका लागि हरिवन नगरपालिकाअन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाका लागि उच्च गुणस्तरको जीवनपर्यन्त सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासँग अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना भई सञ्चालन भइरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को बुँदा नं. ८ तथा "स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को परिच्छेद -५ दफा २०, २१ र १०२" वमोजिम हरिवन नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "हरिवन नगरपालिका शिक्षा ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन हरिवन नगरपालिका क्षेत्रभित्र लागू हुने छ ।

(३) यो ऐन हरिवन नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले हरिवन नगरपालिका सम्झनुपर्छ ।

(च) "नगर सभा" भन्नाले हरिवन नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, सुस्त मनस्थिति, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ज) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(झ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ञ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सिप तथा विषयवस्तुको सिकाइगरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र हरिवन नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ठ) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(त) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ध) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(न) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जनु सुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(प) “तालिम केन्द्र” भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सिपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(फ) “पुस्तकालय” भन्नाले नगरपालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू सङ्ग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(ब) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकार वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृति प्राप्त संस्थालाई जनाउँछ ।

(भ) “सङ्घीय शिक्षा ऐन” भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा ऐन सम्झनुपर्दछ ।

(म) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन सम्झनुपर्दछ ।

(य) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको अधिकारी सम्झनुपर्दछ ।

(र) “शिक्षा शाखा प्रमुख” भन्नाले नगरको शिक्षा शाखाको प्रमुख सम्झनुपर्दछ ।

(ल) “समिति” भन्नाले नगर शिक्षा समितिलाई सम्झनुपर्दछ ।

(व) “शिक्षा शाखा” भन्नाले नगरको शिक्षा शाखालाई सम्झनुपर्दछ ।

(श) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरूमध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ । विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे, बज्यैलाई मात्रै अभिभावक मानिने छ ।

३. विद्यालय खोल्न अनुमति लिनुपर्ने : (१) नगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शाखा प्रमुख समक्ष अनुमतिको लागि निवदेन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदनउपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्ने छ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिने छ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्ने छ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारीसमक्ष निवेदन दिन सक्ने छ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबभु गर्ने छ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा अनुमति तथा स्वीकृति दिने छ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सावर्जनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जनुसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्ने छ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिएबमोजिमको ढाँचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सावर्जनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनुपर्ने छ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्ने छ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुने छन् ।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि नगरपालिकाले अनुमतिका लगि मनासिव देखेमा अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्ने छ । यस प्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुने छ ।

(११) प्राविधिक शिक्षा सञ्चालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुने छ ।

(१२) विद्यालय सञ्चालन तोकिए वमोजम हुने छ ।

४. परीक्षा सञ्चालन र समन्वय : नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

५. माध्यमिक शिक्षाको प्रकार : माध्यमिक शिक्षा देहायका प्रकारका हुने छन् : (क) साधारण माध्यमिक शिक्षा, (ख) संस्कृत माध्यमिक शिक्षा, (ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था : नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्ने छ ।

७. शिक्षाको माध्यम : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुने छ ।

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्ने छ :

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ,

(ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्ने छ,

(घ) अनिवार्य सामाजिक विषय अध्यापन गराउँदा माध्यम नेपाली भाषामा नै गराउनु पर्ने छ ।

८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक : विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय सरकारले उपलब्ध गराएको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सकिने छ। सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्ने छ।

९.

नगर शिक्षा समितिः (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको नगर शिक्षा समिति रहने छः

क) नगरपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

ख) नगरपालिकाले तोकेको नगरपालिकाको सदस्यहरुमध्येबाट १ जना - सदस्य

ग) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको १ जना - सदस्य

घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरुमध्येबाट नगर शिक्षा समितिबाट मनोनित १ जना दलित र १ जना महिला सहित ३ जना - सदस्य

ङ) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनीत गरेको कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

च) नगरपालिकास्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति १ जना - सदस्य

छ) नेपाल शिक्षक महासङ्घको नगर अध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना - सदस्य

ज) सम्बन्धित शिक्षा शाखा प्रमुख - सदस्य- सचिव

(२) समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुने छ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिने छ। तर त्यसरी हटाउन वा वर्खास्त गर्नुअघि मनासिब माफिकको स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन।

१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने, विद्यालय सार्ने, गाभ्ने कार्यका लागि नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयवाट सिफारिस भई आएका तीनजना सूचीकृत लेखा परीक्षकहरुमध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने,

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग वनाउने,

(छ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ज) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(झ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ञ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने,

(ठ) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई तोकिएअनुसार आवश्यक प्रोत्साहन, दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ड) अस्थायी करार शिक्षकहरूको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ढ) नगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(ण) नगर क्षेत्रभित्र अनुमति प्राप्त गरी सञ्चालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण, नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(त) स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनमा सहजीकरण गर्ने छ ।

(थ) विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न उत्प्रेरित गर्ने ।

(द) प्रत्येक बर्ष नगरपालिका भित्रका शिक्षक तथा कर्मचारीलाई मागअनुसारको तालिम उपलब्ध गराउने ।

(ध) प्रत्येक शैक्षिक सत्रको सुरुवातमा शैक्षिक सामाग्री निर्माण गोष्ठी सञ्चालन गरी आवश्यक्ता अनुसार विद्यालयलाई शैक्षिक सामाग्री उपलब्ध गराउने ।

(न) अभिभावक शिक्षा सञ्चालनको व्यवस्था मिलाउने ।

(प) नगरभित्र नियुक्त भएका शिक्षक कर्मचारीहरुलाई स्वागत र नगरबाट सरुवा भइ अन्यत्र जाने र अवकाश हुने शिक्षक कर्मचारीलाई बार्षिक रुपमा विदाइ कार्यक्रम आयोजना गर्ने ।

(फ) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

११. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

१२. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार : प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

१३. शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार : शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुने छ ।

१४. नगर शिक्षा अनुगमन समिति : (१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम शिक्षा अनुगमन समिति गठन हुने छ ।

(क) नगर कार्यपालिकाको सदस्यहरूमध्ये शिक्षा हेर्ने संयोजक - अध्यक्ष

(ख) नगर सभाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले तोकेको एकजना महिला सहित दुई जना -सदस्य

(ग) नगर शिक्षा समितिले तोकेको सामुदायिक विद्यालयका माथिल्लो श्रेणीका_शिक्षकहरूमध्येबाट एक जना -सदस्य

(घ) संस्थागत विद्यालयका संस्थापक वा प्रिन्सिपल मध्येबाट एकजना -सदस्य

(ङ) नेपाल शिक्षक महासङ्घ नगर समितिको प्रमुख वा निजले तोकेको प्रतिनिधि एकजना -सदस्य

(च) नगर शिक्षा समितिले तोकेको लेखासम्बन्धी ज्ञान भएका प्रशासकीय सहायकमध्ये एक जना - सदस्य

(छ) शिक्षा र बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाका प्रतिनिधि वा बालविकास शिक्षक मध्ये एक जना -सदस्य

(ज) शिक्षा शाखा प्रमुख -सदस्य सचिब

(२) नगर शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार : नगर शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ ।

१५. सामुदायिक सिकाइ केन्द्रः नगरपालिकाले समुदायमा साक्षरता, सिप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ ।

१६. अध्यापन अनुमतिपत्र: विद्यालयमा नियुक्त हुन तोकिएबमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुने छन् । नगर शिक्षकको हकमा कार्यविधिमा उल्लेख गरे अनुसार हुने छ ।

१८. छात्रवृत्तिको व्यवस्था: नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ ।

१९. प्रारम्भिक बालशिक्षासम्बन्धी व्यवस्था: प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

२०. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान : नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्ने छ ।

२१. नगरपालिकाले सामुदायिक विद्यालयमा पानी, विद्युत, इन्टरनेट, सरसफाई, लेखा परीक्षण, प्राथमिक उपचारका औषधी र सामाग्री, सेनेटरी प्याड लगायतका व्यवस्थाका लागि रकम उपलब्ध गराउने छ ।

२२. विद्यालय व्यवस्थापन समिति:

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुइजना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षक/कर्मचारीले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(च) क,ख,ग का सदस्यहरुमध्येबाट छानेको एक जना पदाधिकारी -अध्यक्ष

(२) विद्यालयस्तरीय बालक्लवले मनोनयन गरेको एक जना बालक्लवका प्रतिनिधि आमन्त्रित सदस्यको रूपमा रहने छ ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग सम्बन्धित नगरस्तरका उद्योग तथा वाणिज्य महासङ्घका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहने छन् ।

(५) व्यवस्थापन समितिको स्याद सकिनुभन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्ने छ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समितिले गर्ने छ ।

(६) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ:

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा शाखा प्रमुखबाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट समितिले मनोनित गरेका एक जना महिला -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिलासहित दुई जना -सदस्य

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही मधेश प्रदेश, नेपाल

(ङ) अभिभावकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरको एकजना -सदस्य

(च) शिक्षा शाखा प्रमुख -सदस्य

(छ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक वा विद्यालय प्रवन्ध निर्देशक -सदस्य-सचिव

(८) उपदफा (१) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुने छ ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुनबमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षकलाई काममा लगाउने,

(ज) नगरपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) रजिस्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा, सर्त र सुबिधा तोक्ने ।

(ढ) विद्यालयले गरेको वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

(१०) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार, नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागु गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिएबमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरीत कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

(ट) शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ।

(११) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ।

२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने : (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्षसहित शिक्षा अनुगमन समितिमार्फत् नगर शिक्षा समितिमा पेस भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदनउपर छानविन गर्ने छ। नगर शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगर कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्ने छ। नगर कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई विघटन गर्न सक्ने छ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने छ।

(३) यो ऐन तथा ऐनवमोजिम नियमावली जारी भएपछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरूले बढीमा तीन महिनाभित्र यस ऐन वमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नुपर्ने छ। विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकारीले एक महिनासम्मको समयावधि थप गर्न सक्ने छ। यो ऐन लागु हुँदाका वखत प्रचलित नियम अनुसार गठन भएको समितिले आफ्नो कार्यकाल अवधि रहँदासम्म काम गर्ने छ।

२३. विद्यालयको सञ्चालन कार्यविधिः (१) यो ऐन जारी भएपछि यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक विद्यालयले सङ्घीय, प्रदेश र नगर शिक्षा ऐनवमोजिम विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारित गराई लागु गर्न सक्ने छ।

(२) अभिभावक भेलाले विद्यालय सञ्चालन कार्यविधि आवश्यक्ताअनुसार प्रचलित ऐन कानुन प्रतिकुल नहुने गरी संशोधन गर्न सक्ने छ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी सञ्चालक, लगानीकर्ताहरुको भेलाले विधान संशोधन गर्न सक्ने छ।

(३) विधानअनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्रवन्धक लगायत अन्य सबैको कर्तव्य हुने छ।

(४) अद्यावधिक विधानको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्ने छ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुने छ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ।

२४. नगरपालिका शिक्षा विकास कोष : (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिएबमोजिमको रकम,

(च) चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबाट प्राप्त रकम,

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

२५. कोष सञ्चालक समिति : (१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुने छ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

२६. विद्यालय कोष : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुने छ जसमा देहायबमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुने छ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुने छ ।

२७. नगरपालिकाले निर्देशन दिन सक्ने : (१) नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन विद्यालय व्यवस्थापन समितिले पालना गर्नुपर्ने छ ।

२८. नगरपालिकाले सङ्घीय र प्रदेश शिक्षा ऐन प्रतिकूल नहुने गरी यसै ऐनबमोजिम विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने : नगरपालिकाले हाल सञ्चालन भइरहको ३० मिनेटको हिडाइको दुरी नजिकमा रहेको कुनै विद्यालयलाई विद्यार्थी सङ्ख्या, सेवा क्षेत्रको जनसङ्ख्याको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको सञ्चालन अनुमति रद्ध गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्ने छ ।

२९. विद्यालयको सम्पत्तिः (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिएको विद्यालयको सम्पत्ति हुने छ ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैंक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि नगरपालिको अनुमति लिनु पर्ने छ । तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारका/नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

३०. विद्यालयलाई छुट र सुविधाः (१) प्रचलित कानुनमा जनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिस्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक विद्यालयको नाममा अन्य कुनै लिखत पारित गर्दा नेपाल सरकारले/नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्ने छ ।

(३) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न आवश्यक रकम नगरपालिकाले उपलब्ध गराउने छ र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरको आयआर्जन हुने सम्पत्तिहरु जस्तै, माछापोखरी,सटरहरु आदिको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट दिन सक्ने छ । तर यस्ता कार्य गर्दा नगरपालिकाबाट स्वीकृति लिनुपर्ने छ ।

(४) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुने छ ।

३१. अनुमति वा स्वीकृति रद्द गर्नेः कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरमो तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने छ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३२. विद्यालयको वर्गीकरणः विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिने छ ।

३३. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए वमोजिम हुने छ ।

३४. शुल्कसम्बन्धी व्यवस्था : (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जनु सुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्ने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नकोलागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्ने छ ।

(४) उपदफा (१) बमोजिम निःशल्क शिक्षा घोषणा गरेको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण विधि तोकिए बमोजिम हुने छ ।

(८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

३५. शिक्षकको पेसागत महासङ्घसम्बन्धी व्यवस्थाः सामुदायिक विद्यालयका शिक्षकहरूको पेसागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिएबमोजिम एक शिक्षक महासङ्घ रहने छ ।

३६. शिक्षक तथा कर्मचारीको पदीय आचारणसम्बन्धी व्यवस्थाः (१) शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले देहायका अवस्थामा पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्न सक्ने छः

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक/मदिराजन्य लागु पदार्थ, सूर्तीजन्य वा उत्तेजना आउने पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारी सदस्य रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यवसायिक हक हितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने सङ्गठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त भएमा तोकिएको प्रक्रिया पूरा गरी नियुक्ति दिने अधिकारीले निजलाई पदबाट हटाउन सक्ने छ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ ।

३७. स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन
हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुने छ ।

३८. शैक्षिक योग्यता : विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुने छ ।

३९. शिक्षक विद्यार्थीको अनुपात : नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम हुने छ ।

४०. शिक्षकलाई अन्य काममा लगाउन नहुने : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

४१. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने : (१) दफा ३६ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउने छ ।

४२. शिक्षकको नियुक्ति र सरूवा : (१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुने छ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना सङ्घीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुने छ ।

(२) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षक र कर्मचारीलाई नगरपालिकाभित्रका कार्यरत् विद्यालयको व्यवस्थापन समिति र सरूवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरवन्दीमा सरूवा गर्न सक्ने छ ।

(ग) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षक र कर्मचारीलाई नगरपालिका भित्रका कार्यरत् विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगरपालिकाले अर्को स्थानीय तहमा सरूवाको लागि सहमति दिन सक्ने छ ।

४३. दरवन्दी मिलान : तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको मापदण्ड निर्धारण गरेर प्रक्रिया पूरा गरी दरबन्दी मिलान गर्न सक्ने छन् ।

४४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न शिक्षा शाखा प्रमुखकको संयोजकत्वमा नगर शिक्षा समितिका सदस्य, नगर प्याब्सनको अध्यक्ष वा प्रतिनिधि रहने गरी ५ सदस्यीय छात्रवृत्ति सिफरिस समिति रहने छ ।

(३) समितिले छनौटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी नगर शिक्षा समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलव्ध गराउनु पर्ने छ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्ने छ ।

४५. पारिश्रमिक उपलव्ध गराउनुपर्नेः संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुको राज्यले निर्धारण गरेको पारिश्रमिक बैङ्कमार्फत भुक्तानी गर्नु पर्ने छ ।

४६. शैक्षिक गुणस्तर अभिवृद्धिः नगर भित्रको शैक्षिक गुणस्तर अभिवृद्धिका क्रियाकलापहरुमा सेवा निवृत्त शिक्षकहरुलाई सहभागी गराउन सकिने छ ।

४७. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः दफा ४१ मा उल्लिखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

४८. प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरेबमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहने छ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारीको नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

४९. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने : (१) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन । तर माथि जुनसुकै कुरा उल्लेख भए पनि विद्यालयमा नियमित हाजिर नहुने, कक्षा कार्य, गृहकार्य नगर्ने, अनुशासनहीन काम गर्ने, शिक्षकको आज्ञा पालन नगर्ने विद्याथीलाई निष्कासन गर्न बाधा पर्ने छैन ।

५०. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन : (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

५१. प्रगति विवरण बुझाउनु पर्ने : विद्यालयले चौमासिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्ने छ ।

५२. पुरस्कार तथा दण्ड सजाय :

(१) पुरस्कारः

(क) नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका तोकिएका मापदण्ड अनुसारका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई सम्मान र पुरस्कार दिन सक्ने छ ।

(ख) नगरपालिकाले शिक्षक, कर्मचारीलाई तोकिएको कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्ने छ ।

(२) दण्ड सजायः

(क) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्ने छ ।

(ख) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रू. एकलाख रूपैयाँ जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुन सक्ने छ ।

(१) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(२) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(३) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(४) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(५) अरूको तर्फबाट परीक्षा दिएमा,

(६) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(७) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(८) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(९) कानुन विपरीतको अन्य कार्य गरेमा,

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुने छ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिने छ ।

५३. मुद्दा हेर्ने अधिकारीः यो ऐन वा यस ऐनअन्तर्गत वनेको नियम बमोजिम उचित र पर्याप्त कारण भएमा सजाय गर्ने अधिकार नियुक्त गर्ने अधिकारीलाई हुने छ ।

५४. पुनरावेदनः नियुक्ति दिने अधिकारीले गरेको सजायको आदेशउपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

५५. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमावली बनाउन सक्ने छ ।

५६. सङ्क्रमणकालीन व्यवस्थाः (१) यस ऐनद्वारा तोकिएवमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्ने छ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति शिक्षा शाखा प्रमुखले दिन सक्ने छ ।

५७. बाधा अड्काउ फुकाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ ।

५८. बचाउ र लागु नहुनेः

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुने छ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान र प्रचलित सङ्घीय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐनसँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्क्रिय हुने छन् ।

(४) साझा अधिकारका सम्वन्धमा सङ्घीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरेअनुसार हुने छ ।

(५) यसअघि कानुनवमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन ।

(६) यसअघि बनेका शिक्षा सम्बन्धी ऐन खारेज गरिएको छ ।

आज्ञाले,
हेमराज फुयाल
प्रमुख प्रशासकीय अधकृित